**मोहन मैनाली । २०८० । *मुकाम रणमैदान : नेपाल-अंग्रेज युद्धको बखान* । काठमाडौँ : बुकहिल ।**

प्रसिद्ध अंग्रेज लेखक जी.एम. ट्राविलियन भन्छन् : साहित्य र इतिहास जुम्ल्याहा हुन् । *मुकाम रणमैदान : नेपाल-अंग्रेज युद्धको बखान*ले यो धारणालाई धेरै हदसम्म पुष्टि गर्छ । मूल शीर्षक मात्र पढ्दा कसैलाई यो पुस्तक इतिहास सम्बन्धी ग्रन्थ हो भन्ने नलाग्न पनि सक्छ । तर, उपशीर्षकले भने यसको विषय इतिहास हो भन्ने जताउँछ । यद्यपि, "बखान" शब्दले पाठकलाई अलि अलमल्याउँछ, किनभने बखानले आवश्यकभन्दा बढी प्रशंसा गरेर लेखिएको भन्ने अर्थ दिन्छ । विषयक्रम हेर्दै जाँदा पुस्तकको मुख्य विषयवस्तु आधुनिक नेपालको इतिहासको एउटा महत्त्वपूर्ण घटनामा केन्द्रित रहेको थाहा हुन्छ । विभिन्न परिच्छेदका शीर्षकहरू हेर्दा फेरि यो कुनै साहित्यिक कृति हो कि भन्ने भान हुन्छ । पढ्न थालेपछि महसुस हुन्छ—यो ग्रन्थमालामा नेपाल-अंग्रेज युद्ध सम्बन्धी अनेकन महत्त्वपूर्ण ऐतिहासिक सन्दर्भलाई लेखकले आफ्नो साहित्यिक कला-कौशलले सिँगारेका छन् ।

समष्टिमा पुस्तकमा नेपाल-अंग्रेज युद्धका विविध पक्षलाई चार भागमा बाँडिएको छ : १) युद्धका कारण, र अंग्रेज तथा नेपालले गरेको युद्ध-तयारी, २) अंग्रेज र नेपाली सेनाबीच विभिन्न क्षेत्रमा भएका लडाइँ, ३) युद्धप्रति चीन सरकारका दृष्टिकोण, तथा ४) सुलह वार्ता र सन्धि अनुमोदन । यद्यपि, पुस्तकमा यसै गरी खण्ड छुट्ट्याइएको छैन ।

स्युराज र बुटवल सम्बन्धी विवादलाई धेरै जसो लेखकले युद्धको कारण मानी त्यसैबारे धेरै कुरा उल्लेख गरेका छन् । प्रस्तुत पुस्तकमा भने ती बाहेक अन्य क्षेत्रमा भएका सीमा विवादबारे विस्तृतमा चर्चा गरिएको छ । स्युराज र बुटवल विवादबारे भने लेखकको स्पष्ट धारणा आएको छैन । अंग्रेज र नेपालले गरेका युद्ध सम्बन्धी तयारीबारे लेखकले धेरै नयाँ तथ्य उजागर गरेका छन् । तर, विवादित क्षेत्र छोड्न अंग्रेज सरकारले नेपाललाई चेतावनी दिएपछि नेपालका सैनिक कमाण्डरहरूले युद्ध गर्न नहुने पक्षमा आफ्नो मत जाहेर गरेको तथ्य लेखकले उल्लेख गरेका छैनन् । यसबाट नेपालका सैनिक कमाण्डरहरू पनि अंग्रेजसँग युद्ध गर्ने पक्षमा थिए भन्ने लेखकको मत रहेको देखिन्छ ।

नेपाल-अंग्रेज युद्ध सम्बन्धी हालसम्म लेखिएका पुस्तकहरूमा दुई देशबीच महाकाली पूर्व दुई ठाउँ (बारा-पर्सा र बुटवल) तथा महाकाली पश्चिमका चार ठाउँ (नालापानी-जैथक, मलाऊँ र कुमाउँ) मा भएका युद्धको मात्रै वर्णन गरिएका छन् । प्रस्तुत पुस्तकमा ती स्थानहरूमा भएका युद्धको विस्तृत विवरण त छ नै, अन्य क्षेत्रमा भएका सानातिना लडाइँको पनि वर्णन गरिएको छ । उदाहरणका लागि, नेपालको पूर्वी क्षेत्र (कोशी) मा नेपालको अंग्रेज (कप्तान लेटर्स नेतृत्वको फौज) सँग भिडन्त भएको र नेपाली जवानले

ठूलो दुःख-कष्ट झेल्नु परेको (पृ. १९०) थियो । यो लडाइँबारे *मुकाम रणमैदान* बाहेकका पुस्तकमा खासै चर्चा छैन ।

युद्धमा भक्ति थापाको भूमिकाबारे पनि पुस्तकको एउटा अध्यायमा चर्चा गरिएको छ । बाइसी-चौबिसी राज्य विजयमा र अंग्रेज सँगको युद्धमा उनको योगदानको धेरै प्रशंसा गरिएको पाइन्छ । तर, प्रस्तुत पुस्तकमा चन्द्रवीर कुँवरको पत्र तथा स्वयं भक्ति थापाले पठाएको पत्रका आधारमा उनीमाथि केही नकारात्मक टिप्पणी गरिएका छन् । नेपाली सेनाभित्र एकले अर्को विरुद्ध उजुरी गर्ने प्रवृत्ति धेरै ठाउँमा देखा परेको छ । अतः एउटा विरोधी सैनिकको पत्रकै आधारमा वा भक्ति थापा स्वयंको "अधिकारका भन्दा कृपामा विश्वास" (पृ. १३१) गर्ने नीतिका कारण मात्रै उनको आलोचना हुनु ठीक होइन ।

मलाऊँ क्षेत्रको युद्धको दौरान ७० वर्ष पुगिसकेका नेपाली कमाण्डर कीर्ति रानाको दुःखद् अन्तको वर्णन पुस्तकमा गरिएको छ । द *खुकुरी ब्रेभ्स* (थापा मणि सन् २०१५) मा लेखिए अनुसार कीर्ति रानाले आफ्नो फौजको ज्यान बचाउना खातिर उनीहरूको ज्यान लिन नपाइने शर्तमा बेशहरी फौज समक्ष आत्मसमर्पण गरेका थिए । तर, शर्त उल्लंघन गरी बेशहरी फौजले उनीहरूलाई निर्ममता पूर्वक मारेका थिए (पृ. १६६) । यसै सन्दर्भमा अंग्रेज कमाण्डर फ्रेजर र एक नेपाली सैनिक (नाम उल्लेख नभएको) बीचको संवाद पनि पुस्तकमा परेको छ, जसमा ती सैनिकले "किल्ला छोड्नुभन्दा मर्नु जाती" भनी फ्रेजरलाई जवाफ दिएका थिए । उक्त जवाफ सुनेपछि ती अंग्रेज कमाण्डर नेपाली सैनिकको "कर्तव्यपरायणता" बाट प्रभावित भएका थिए (पृ. १७१) ।

यसका अतिरिक्त विभिन्न क्षेत्रमा भएका युद्धको पनि पुस्तकमा विस्तृत वर्णन छ, जसलाई पछिका अध्येताले स्रोतका रूपमा लिन सक्छन् । युद्ध क्षेत्रको राम्रो परिचयका लागि पुस्तकमा १२ ओटा नक्शा पनि दिइएका छन्, जसबाट अंग्रेज र नेपाली सेनाले लिएका रणनीति तथा तिनका कमजोरीहरूलाई राम्रोसँग बुझ्न सकिन्छ ।

युद्धको दौरान चीन सरकारको नेपाल प्रतिको नीति र दृष्टिकोणबारे पनि लेखकले दुई ओटा अध्यायमा वर्णन गरेका छन् । अंग्रेज विरुद्ध नेपालले चीनसँग मद्दत मागेकोमा सहयोगको कुरा त परै जाओस्, नेपालको अर्जी चिनियाँ बादशाह छेउ पठाउन समेत ल्हासास्थित अम्बाले इन्कार गरे । पछि अंग्रेजसँग मिलापको सन्धि भएपश्चात् पनि चीनले नेपाललाई धम्क्याउन र अंग्रेजलाई चेतावनी दिन छाडेन । नेपालले चीनका बादशाहलाई पहिले जस्तै मान्ने आश्वासन दिएपछि तथा अंग्रेज सरकारले युद्ध गर्नुपर्ने बाध्यता भनी स्पष्टीकरण दिएपछि स्थितिले उग्ररूप लिन पाएन । यसलाई लिएर लेखक मैनालीले चीनको तीव्र आलोचना गरेका छन् (पृ. २४९) । तर, यहाँ नेर विचारणीय कुरा छ : सन् १७९१–१७९२ मा नेपालको चीनसँग युद्ध हुँदा नेपालले अंग्रेज सरकारसँग मद्दत मागेको थियो, अनि अंग्रेज सरकारले मद्दत गर्न इन्कार गरेको थियो । एउटा छिमेकीलाई अर्को

छिमेकी विरुद्ध प्रयोग गर्ने नेपालको असफल नीतिको रूपमा यसलाई हामीले व्याख्या गर्नुपर्छ, र यसबाट आजका नेपाली राजनीतिज्ञहरूले पनि शिक्षा लिनुपर्ने मेरो धारणा छ ।

सुलह वार्ता, मस्यौदा सन्धिलाई नेपालले अनुमोदन नगरेको, अंग्रेजले दोस्रो चरण युद्ध गरेको तथा नेपालले बाध्य भई सन्धि अनुमोदन गरेको विषयलाई पनि लेखकले विभिन्न अध्यायमा वर्णन गरेका छन् । यस सन्दर्भमा नेपालमा ब्रिटिश दूत रहने कुरामा अंग्रेज सरकार त्यतिको दृढ नरहेको संकेत लेखकले गरेका छन् (पृ. २११) । तर, "या त ब्रिटिश दूत स्वीकार गर नभए अर्को युद्धको लागि तयार होऊ" भनी अक्टरलोनीले भीमसेन थापालाई धम्की दिएपछि मात्रै नेपालले सो प्रावधान स्वीकार गरेको ब्रिटिश स्रोतले प्रमाणित गर्छ ।

आधुनिक नेपालको इतिहासमा नेपाल-अंग्रेज युद्धलाई एउटा महत्त्वपूर्ण घटनाको रूपमा लिनुपर्छ, र एक दृष्टिकोणबाट हेर्ने हो भने यसलाई नेपालको एकीकरण अभियानको समापन पनि मान्न सकिन्छ । यो युद्धपछि नेपालको जे सीमा रह्यो सो केही साना परिवर्तन बाहेक आजसम्म यथावत छ । ब्रिटिश दस्ताबेजहरूको उपयोग गरी जोन पेम्बल (सन् १९७१) ले यही युद्धबारे *दि इन्भेजन अफ नेपाल, १८१४–१६* लेखेका छन् । नेपाली दस्ताबेजका आधारमा चाहिँ केही लेखहरू मात्रै प्रकाशनमा आएका थिए । तर, प्रस्तुत पुस्तकले प्रकाशित/अप्रकाशित नेपाली स्रोत-सामग्रीलाई प्रयोग गरेको छ । नेपालको राष्ट्रिय अभिलेखालयमा रहेका परराष्ट्र मन्त्रालयका थुप्रै दस्ताबेज यसमा परेका, र त्यसबाट युद्ध सम्बन्धी धेरै नयाँ तथ्य प्रकाशमा आएका छन् । लण्डनमा भएका दस्ताबेजहरू समेत पुस्तक तयारी-क्रममा अध्ययन गरेको लेखकको दावी छ । ती सामग्री उपलब्ध गराएकोमा लण्डनमा बसेकी एक साहित्यकारलाई उनले विशेष धन्यवाद पनि दिएका छन् । तर, पुस्तकमा कहीँ पनि ती सामग्री उपयोग गरिएको आभास हुँदैन; सन्दर्भ सामग्रीमा पनि त्यसको अस्पष्ट रूपमा उल्लेख गरिएको छ । त्यस्तै, नेपाली जंगी अड्डामा रहेको एउटा सामग्रीको लेखकले उल्लेख गरेका छन् (भाग ३, नं. २३७; नेपाली जंगी अड्डा अभिलेख शाखा भद्रकाली) । तर, उक्त दस्ताबेज जुद्ध शमशेरको समयको हो र नेपाल-अंग्रेज युद्धसँग असम्बन्धित छ । वास्तवमा नेपाली जंगी अड्डामा जंगबहादुरको समयदेखिका कागजपत्र मात्रै संगृहीत छन् ।

पुस्तकमा प्रयोग गरिएका नेपाली कागजपत्र सबै परराष्ट्र मन्त्रालयका दस्ताबेज मात्र हुन् भन्ने यसबाट देखिन्छ । पाकिस्तानबाट प्राप्त नेपाल-अंग्रेज युद्ध सम्बन्धी महत्त्वपूर्ण दस्ताबेज पनि पुस्तकमा परेका छन् । अहिमान सिंह अधिकारीले तयार गरेको युद्धको बयान भन्ने महत्त्वपूर्ण सामग्री पनि पुस्तकमा परेको देखिन्छ, तर यो दस्ताबेज कहाँ छ भन्ने लेखकले खुलाएका छैनन् । जे होस्, परराष्ट्र मन्त्रालयका दस्ताबेजहरूलाई प्रचुर मात्रामा उपयोग गरी लेखिएको यो पुस्तक महत्त्वपूर्ण छ ।

जहाँसम्म विदेशी स्रोत-सामग्रीको प्रश्न छ, पुस्तकको मूल आधार *पेपर्स रेस्पेक्टिङ द नेपाल वार* (कोक्स सन् १८२४) हो, जसलाई लेखकले नेपाल पेपर्स भनेका छन् । त्यसमा रहेका सयौँ आधिकारिक पत्र लेखकले उपयोग गरेका र धेरै ठाउँमा तिनको पूर्ण अनुवाद पनि गरेका छन् । यी दस्तावेजले समेट्न नसकेका बुँदालाई लेखकले पेम्बलको पुस्तकबाट पूरा गरेका छन् । यसरी विदेशी स्रोत-सामग्रीको पनि पुस्तकमा यथेष्ट प्रयोग भएको छ । दिल्लीस्थित राष्ट्रिय अभिलेखागारका दस्ताबेज लेखकले उपयोग गरेको देखिँदैन । ती सामग्रीमध्ये धेरैजसो पेम्बलको पुस्तकमा पनि परेका छन्, तथापि त्यहाँका कागज पत्रमा गभर्नर जनरलको काउन्सिल माइन्यूट पनि रहेकाले ती सामग्री महत्त्वपूर्ण छन् ।

प्रकाशित सामग्रीको कुरा गर्दा, संशोधन मण्डल र योगी नरहरिनाथले प्रकाशमा ल्याएका कागजपत्र लेखकले प्रयोग गरेको देखिन्छ । यी बाहेक अन्य पुस्तक एवं लेखहरू कमै मात्रामा उपयोग गरिएका छन् । मूलतः अप्रकाशित दस्ताबेजहरूका आधारमा लेखकले पुस्तक तयार गरेकाले यो नै पुस्तकको एउटा महत्त्वपूर्ण विशेषता हो ।

पाठकहरूलाई सजिलो होस् भन्नाखातिर लेखकले पुस्तकको शुरूमै केही स्पष्टीकरण दिएका छन् । पुस्तकमा उल्लेख भएका ठाउँको नामका साथै शब्द, वाक्य, अनुच्छेद आदिबारे उनले स्पष्ट पारेका छन् । यसका अतिरिक्त एउटै नाम भएका दुई व्यक्ति (अमरसिंह, फ्रेजर, गार्डनर, उड) बारे पनि उल्लेख गरी पाठकलाई पुस्तक पढ्न सजिलो पारिदिएका छन् । त्यस्तै, तिथि-मितिबारे पनि लेखकले स्पष्टीकरण दिएका छन् । त्यति बेला नेपालमा गते प्रणाली लागू भएको थिएन । तिथि अनुसार नै सबै मिति निर्धारण हुन्थ्यो । जस्तै, सुदी र वदी तथा प्रतिपदा र पूर्णिमा । सोही प्रणाली अनुसार नै पुस्तकमा तिथि-मितिको प्रयोग गरेको भए राम्रो हुने थियो । तर, हाल प्रचलनमा रहेको गते प्रणालीलाई लेखकले प्रयोग गरेका छन् । अंग्रेजी तारिखलाई नेपाली गतेमा रूपान्तरण गर्न खासै गाह्रो छैन र यसबारे तालिकाहरू पनि निस्केका छन् । तर, तिथिलाई गतेमा परिवर्तन गर्न सजिलो छैन । यसबारे पनि लेखकले स्पष्ट पारिदिएको भए पछिका लेखकहरूलाई समेत सजिलो हुने थियो ।

पुस्तकको अन्तिम अध्यायमा लेखकले नेपाल-अंग्रेज युद्ध ताकाका केही महत्त्वपूर्ण व्यक्तिहरूको युद्ध पछिको गतिविधिको छोटकरीमा चर्चा गरेका छन् । तर, तिनमा केही प्रमुख नाम छुटेका छन् । जस्तै, नेपाल-अंग्रेज सन्धिमा हस्ताक्षर गर्ने अंग्रेज अफिसर ब्र्याडशा र नेपाली प्रतिनिधिहरू गजराज मिश्र एवं चन्द्रशेखर उपाध्याय; पूर्वी मोर्चामा रहेका अंग्रेज कमाण्डरहरू मार्ले र ऊड तथा त्यही मोर्चामा रहेका नेपाली कमाण्डर रणवीर सिंह थापा र उजीर सिंह थापा; कुमाउँका नेपाली गभर्नर बम शाह र उनका समकक्षी अंग्रेज कमाण्डरहरू, आदि ।

संक्षेपमा, युद्धको दौरान भएका साना-ठूला भिडन्तलाई लेखकले तात्कालिक स्रोतका आधारमा विस्तृत रूपमा वर्णन गरेका छन्, र यसलाई अनुसन्धानकर्ताहरूले एउटा महत्त्वपूर्ण

स्रोत-सामग्रीका रूपमा प्रयोग गर्न सक्नेछन् । यसको लागि लेखकलाई बधाई र धन्यवाद दिनु पर्छ । यति हुँदाहुँदै पनि, प्रस्तुत पुस्तक पूर्णरूपले विवरणात्मक छ, विश्लेषणात्मक छैन । घटनाको वर्णन गरिएका छन्, तर तिनका कारण र महत्त्वबारे खासै उल्लेख छैन । यसो हुनाको एउटा कारण लेखक पूर्ण रूपमा तात्कालिक दस्तावेज वा कागजपत्रमा भर पर्नु हो जस्तो लाग्छ । पुस्तक पढ्दै जाँदा ऐतिहासिक तथ्य होइन एउटा कथा वा उपन्यास पढेको भान हुन्छ । ऐतिहासिक घटनाको विवेचना गर्दा प्राथमिक स्रोत (तात्कालिक दस्तावेज) महत्त्वपूर्ण हुन्छन् नै । तर, सहायक स्रोत (पुस्तक, लेख, आदि) लाई पनि बेवास्ता गर्न सकिँदैन । कुनै तथ्यको वस्तुगत र निष्पक्ष विश्लेषण गर्न सम्बन्धित विषयका स्तरीय पुस्तकहरूको अध्ययन पनि आवश्यक हुन्छ, जुन प्रस्तुत पुस्तकमा गरिएको छैन ।

नेपाल-अंग्रेज युद्ध हुनुभन्दा अगाडि दुई देशबीच भएका विभिन्न विवादहरूलाई दिल्लीस्थित अभिलेखागारमा भएका कागजपत्रका आधारमा के.सी. चौधरी (सन् १९६०) ले आफ्नो पुस्तकमा व्याख्या सहित वर्णन गरेका छन् भने कञ्चनमय मजुमदार (सन् १९७३) ले आफ्ना पुस्तकमा इण्डिया अफिस लाइब्रेरी (लण्डन) मा रहेका सामग्रीका आधारमा नेपाल-अंग्रेज सम्बन्धको विविध विषयमा प्रकाश पारेका छन् । अर्का भारतीय अध्येता रमाकान्त (सन् १९६८) ले दिल्ली अभिलेखागारकै स्रोतका आधारमा सुगौली सन्धिपछिका सीमा निर्धारणबारे विभिन्न तथ्य प्रकाशमा ल्याएका छन् । लियो ई. रोज (सन् १९७३) ले आफ्नो पुस्तकमा ब्रिटिश र चिनियाँ स्रोतको अध्ययन गरी नेपाल-अंग्रेज युद्धताका चीनले लिएको नीतिको विश्लेषण गरेका छन् । यी सबै पुस्तकमा नेपाली स्रोतको उपयोग नगण्य भएका छन् । *मुकाम रणमैदान*को सन्दर्भ-सूची केलाउँदा माथिका कुनै पुस्तक उद्धृत गरेको देखिएन । विदेशी स्रोतसँग नेपाली स्रोतलाई तुलनात्मक अध्ययन गरी वर्णन गरिएको भए पुस्तकको महत्ता अझ बढ्ने थियो ।

अन्त्यमा, लेखकलाई नै उद्धृत गरौँ : “यसप्रकार १८७१ साल कात्तिक १० गते बिहान नालापानीमा थालिएको यो लडाइँ १८७२ साल फागुन २५ गते बिहानको राति मकवानपुरमा टुंगियो । लडाइँ सकिँदा नेपालले मेचीपूर्व र महाकालीपश्चिमका सबै भूभाग अनि खास बुटवललाई छाडेर कोशीदेखि महाकालीसम्मको सबै मैदानी भूभाग गुमायो । नेपालमा अंग्रेज राजदूत रहने भए” (पृ. २४१) । युद्ध त समाप्त भयो, तर त्यस पछिका केही वर्ष अन्यौलपूर्ण रहे । सीमा निर्धारण गर्ने क्रममा दुई देशबीच अनेकन समस्या आए । सुस्तादेखि कालापानी, लिपुलेक तथा लिम्पियाधुरा सम्मका समस्याको बीउ त्यति बेला नै रोपिसकिएका देखिन्छन् । आज सम्मका पुस्तक, लेखमा विदेशी स्रोतकै आधारमा सीमा सम्बन्धी विषयहरू वर्णन हुँदै आएकोमा मोहन मैनाली जस्ता अध्ययनशील लेखकले नेपाली स्रोतको सूक्ष्म अध्ययन गरी यसबारे सत्यतथ्य प्रकाशमा ल्याउन सके सो राष्ट्रकै निम्ति ठूलो योगदान हुनेछ ।

## सन्दर्भ सामग्री

Chaudhary, K.C. 1960. *Anglo-Nepalese Relations*. Calcutta: Sri Dinesh Chandra Bose.

Cox, J.L., ed. 1824. *Papers Respecting the Nepaul War*. London: Court of Proprietors, East India Company.

Mojumdar, Kanchanmoy. 1973. *Political Relations Between India and Nepal, 1877–1923*. Delhi: Munshiram Manoharlal.

Pemble, John. 1971. *The Invasion of Nepal, 1814–16*. New Delhi: Oxford University Press.

Ramakant. 1968. *Indo Nepalese Relations*. New Delhi: S. Chand and Co.

Rose, Leo E. 1973. *Nepal: Strategy for Survival*. New Delhi: Oxford University Press.

Thapa Mani, Jyoti. 2015. *The Khukri Braves: The Illustrated History of the Gorkhas*. New Delhi: Rupa.

**त्रिरत्न मानन्धर**
त्रिभुवन विश्वविद्यालय